'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक


वर्ष १ | अंक : १३४ | विहिबार २५ पुष, २०८१ | 09 (Thursday) January 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

### दैलेख आठबिसकोटका तिलक बहादुर शाहीको दुखेसो

# १७ वर्षको हुँदा सुनेको चर्चा ५४ वर्षको हुँदा पनि देख्न पाइएन

नमस्ते समाचारदाता

दैलेख, पुष/२४



४४/४५ सालको कुरा हो, त्यतिबेला म १७ वर्षको थिएँ। कर्णाली राजमार्ग बनेकै थिएन। गाडी पनि देखेका थिएनौँ। यहाँ विदेशी मान्छे आएका थिए। हामी उनको भाषा बुझ्दैनथ्यौँ। यहाँ बिजुली निकाल्न सर्भे गर्न आएको भनेर बुबाले भन्नुहुन्थ्यो। बिजुली निकाल्ने भन्ने कुरा हामीलाई त्यो बेला थाहै थिएन। पानीबाट बिजुली निकालेर उज्यालो बनाउने भनेर बुबाले सुनाउनुहुन्थ्यो। पानीबाट कसरी बिजुली आउँछ होला? उज्यालो कसरी हुन्छ होला भन्ने लाग्थ्यो। ती विदेशी क्यानडाका रहेछन्। हाम्रो गाउँभन्दा थोरै तल रामघाट खोला छ। त्यही ठाउँबाट कर्णाली पारि अछामतर्फ विदेशीहरूले सर्भे गरुन्जेल बस्नका लागि घर बनाएका थिए। अहिले ती घर भत्केर अवशेषमात्र बाँकी छन्। तिनीहरूले मटितेल पनि ल्याएका रहेछन्। जानेबेला बचेको मटितेल बाँडेर गए। हाम्रो बुबाले पनि मटितेल घर ल्याउनु भयो। पछि बुझ्दै जाँदा विश्व बैंकको सहयोगमा कर्णालीको सम्भाव्यता अध्ययन गर्न आएका क्यानडाको हिमालयन पावर कन्सल्ट्यान्ट्सका मान्छेले हाम्रो क्षेत्र (अपर कर्णाली) मा पनि जलविद्युत् आयोजना बन्ने सम्भावना औँल्याएका रहेछन्। पानीबाट पनि बिजुली आउँछ, नदी किनारको त्यत्रो पहाडमा सडक बन्छ भन्ने हामीलाई कल्पना पनि थिएन। क्यानडाका मान्छेहरूले यो ठाउँमा चार हजार भन्दा बढी मेगावाट सम्म बिजुली निकाल्न सकिने सम्भावना औँल्याएको कुरा पछि हामीले पढ्यौँ। पछि ०५४ सालमा अर्को सर्भे भयो। त्यसमा हामीले पनि काम गरेका थियौँ। ०६४ सालमा भारतीयहरू यहाँ आए। हामीले अनुमति लिएर आएका छौँ भनेर ३६ महिना उनीहरूले सर्भे गरे। अन्तर्राष्ट्रिय टेण्डरबाट भारतको जीएमआरले आयोजना बनाउने जिम्मा पाएको रहेछ। काठमाडौँमा हुनेहरूले के कसरी सम्झौता गरेका थिए, के उद्देश्य थियो? हामीलाई केही थाहा भएन, तर हामीले आफ्ना ठाउँको विकास होला, रोजगारी पाइएला भनेर जीएमआर कम्पनीलाई सुरुदेखि नै सहयोग गरेका थियौँ। जीएमआरलाई कौडीको भाउमा नदी सुम्पेको भन्दै त्यो बेला नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र जनमोर्चाले जीएमआरलाई यहाँ काम गर्न दिनुहुँदैन भनेर विरोध गरिरहेका थिए। यहीं आएर पनि आन्दोलन गरे। तर हाम्रोजस्तो पछाडि परेको ठाउँको विकास होला, रोजगारी पाइएला भनेर हामी कम्पनीको पक्षमा लाग्यौँ। पछि पीडीए (सम्झौता)को कुरा आयो। ९०० मेगावाटको अपर कर्णाली जलविद्युत् आयोजना बन्ने भयो भनेर खुबै चर्चा भयो। त्यो बेला पनि धेरै आन्दोलन भयो। हामी त्यो बेला पनि जीएमआरकै पक्षमा लाग्यौँ, किनकि हाम्रो ठाउँको विकास होला भन्ने आशा थियो। सम्झौतापछि दिन बित्यो, महिना बित्यो, वर्ष बित्यो तर काम सुरु भएन। जीएमआरका मान्छेले नेपाल सरकारलाई दोष दिन्थे। बाँकी ३ पेजमा...

### प्याब्सनको ३४औं स्थापना दिवसको अवसरमा

# शवदाहगृहलाई प्याब्सनेद्धारा रु ५० हजार सहयोग

नमस्ते समाचारदाता

कोहलपुर, पुष/२४



प्याब्सन ३४औँ स्थापना दिवसका अवसरमा कोहलपुरमा निर्माणाधिन शवदाहगृह निर्माणका लागि आफ्नो सामाजिक उत्तरदायित्व अन्तरगत रु ५० हजार सहयोग गरेको छ। त्यस्तै स्थापनाको अवसरमा कोहलपुरका तीन जना पत्रकारलाई नगद पुरस्कार सहित सम्मान गरेको छ। बुधबार विहान कोहलपुरमा आयोजित एक कार्यक्रमका बीच स्व. हरि प्रसाद रावत स्मृति प्याब्सन शिक्षा पत्रकारिता पुरस्कार' बाट कोहलपुरका पत्रकारहरु निर्मल आचार्य, प्रदिप वाग्ले र प्रमोद रिजाललाई पुरस्कृत गरिएको हो। तीन जनालाई प्रमाणपत्र र जनही नगद ८ हजार ५ सय रुपैयाँसहित पुरस्कृत गरिएको हो। त्यस्तै प्याब्सन कोहलपुरका संस्थापक अध्यक्ष तथा प्याब्सन बाँकेका निवर्तमान अध्यक्ष यम बहादुर रावतले आफ्ना बुवाको सम्झनामा उक्त पुरस्कार स्थापना गरेका छन्। स्वर्गीय रावतले कोहलपुरको एक मात्र बागेश्वरी पब्लिक क्याम्पस र त्रिभुवन माध्यमिक विद्यालयको स्थापनामा महत्वपूर्ण योगदान गरेका थिए। रावतले अब अर्को वर्षदेखि शिक्षा पत्रकारिता गर्ने एक जनालाई रु.२५ हजार सहित पुरस्कृत गरिने घोषणा समेत गरेका छन्। प्याब्सन कोहलपुरले स्थापना दिवसकै अवसरमा कोहलपुर नगर पालिकाका संस्थापक नगर प्रमुख एवम् संस्थापक नगर शिक्षा प्रमुख लुट बहादुर रावत, कोहलपुर क्षेत्रको पहिलो निजी विद्यालय रामजानकीका संस्थापक नारायणप्रसाद सिग्देल र क्रिकेटका पूर्व राष्ट्रिय कप्तान एलबी क्षेत्री सहित कोहलपुर क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ८ जना खेलाडीलाई पनि सम्मान गरेको छ। प्याब्सन कोहलपुरले ५० हजार रुपैयाँ प्रदान गरेको नगर अध्यक्ष रमेश केसीले बताए।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# मन्त्रालयको तथ्याक्तसँग मेल नखाने राष्ट्र बैंकको रिपोर्ट

नमस्ते समाचारदाता

सुर्खेत, पुष/२४



कर्णाली प्रदेशको खेतीयोग्य जमिन र सिँचाइ सुविधा उपलब्धता सम्बन्धी तथ्याङ्कमा गोलमाल भएको पाइएको छ। नेपाल राष्ट्र बैंक र कर्णाली सरकारकै भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्कमा फरक पाइएको हो। नेपाल राष्ट्र बैंकले तयार पारेको प्रादेशिक आर्थिक गतिविधि अध्ययन सम्बन्धी वार्षिक प्रतिवेदन (२०८०/०८१) अनुसार कर्णाली प्रदेशमा कृषि बालीले ढाकेको क्षेत्रफल ३ लाख २७ हजार ९० हेक्टर छ। अघिल्लो वर्षको तुलनामा १.९४ प्रतिशतले यो क्षेत्रफल बढेको राष्ट्र बैंकले जनाएको छ। तर प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्क अनुसार कर्णालीमा कुल खेतीयोग्य जमिन दुई लाख ८७ हजार ७६१ हेक्टर रहेकोमा दुई लाख ६०२ हेक्टरमा मात्र खेती भएको छ। अझ रोचक पक्ष यो छ कि, प्रदेशको मन्त्रालयले खेती भएको भनेर उल्लेख गरेको क्षेत्रफलकै हाराहारीमा सिँचाइ सुविधा नपुगेको जमिन भनेर राष्ट्र बैंकको तथ्याङ्कमा उल्लेख छ। राष्ट्र बैंकको प्रतिवेदन अनुसार कर्णालीमा २ लाख ६६ हजार ५२३ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिनमा सिँचाइको सुविधा छैन। राष्ट्र बैंकले कर्णालीमा अहिलेसम्म जम्मा ६० हजार ५६७ हेक्टर क्षेत्रफलमा मात्रै सिँचाइ सुविधा पुगेको उल्लेख गरेको छ। मन्त्रालयले भने सिँचाइ सुविधा पुगेको कुल क्षेत्रफल ७० हजार ६४० हेक्टर रहेको जनाएको छ। जसमध्ये वर्षैभरि सिँचाइ उपलब्ध हुने क्षेत्रफल ३८ हजार ३३८ र आंशिक सिञ्चित हुने क्षेत्रफल ३२ हजार ३०२ हेक्टर रहेको जनाएको छ। कर्णाली सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको जनाए पनि सिँचाइ सुविधा विस्तार हुन नसकेको राष्ट्र बैंकले औँल्याएको छ। राष्ट्र बैंकका अनुसार समीक्षा वर्षमा कुलोद्वारा सिञ्चित क्षेत्रफल ४८ हजार ३२२ हेक्टर छ। त्यस्तै नहरद्वारा सिञ्चित क्षेत्रफल १० हजार ४६९ हेक्टर छ। बोरिङद्वारा सिञ्चित क्षेत्रफल २ हेक्टरमात्र छ। राष्ट्र बैंक र प्रदेश सरकारको तथ्याङ्कमा फरक परेकोबारे मन्त्रालयलाई पनि अवगत छ। मन्त्रालयका सूचना अधिकारी पूर्णबहादुर थापाले भने, 'राष्ट्र बैंकको तथ्याङ्क मैले पनि हेरेँ, त्यहाँ खेती भएको जमिनको क्षेत्रफल बढेको देखायो, अहिले खेतीयोग्य जमिन बाँझो छाडेर विदेशतिर जानेको संख्या बढेको छ। हाम्रै आँखाले हेर्दा पनि दुई वर्ष अघि खेती भइरहेका जमिन अहिले बाँझो अवस्थामा छन्। बाँकी ३ पेजमा...

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
नाम्खा गाउँपालिका
हुम्ला

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## भूकम्पीय जोखिमबाट कसरी बच्ने

पृथ्वीमा हिमालयन क्षेत्रहरु भूकम्पीय जोखिमको खतरामा रहन्छन्। त्यसमा अझ नेपाल भारत र युरेशियन प्लेटको सिमानामा अवस्थित भएकाले बढी जोखिममा छ। भारतीय प्लेट उत्तरतिर सर्दै युरेशियन प्लेटसँग ठोक्किएर नै हिमालय पर्वत श्रृंखलाको निर्माण भएकाले यो क्षेत्र निरन्तर जोखिममा छ। त्यसो त उत्तरी क्षेत्रमा भौगोलिक संरचना अस्थिर छ। हिमालय पर्वत नयाँ र भौगर्भिक रूपमा सक्रिय भएकाले यस क्षेत्रमा चट्टान र जमिनको स्थिरता कमजोर हुन्छ। जसले भूकम्पको प्रभावलाई थप खतरनाक बनाउँछ। नेपाल संसारकै अग्लो सगरमाथाको देश मात्र होइन, संसारकै बढी भूकम्पीय जोखिममा छ भन्ने हेक्का पनि राखेर हामीले सचेतना, सतर्कता र पूर्वतयारीका आवश्यक नीति र कार्यक्रम बनाउनु आवश्यक हुन्छ। नेपालमा भूकम्पको अभिलेख भएका तथ्य हेर्दा मल्लकाल देखि नै क्षति हुने गरेको देखिन्छ। नेपालको इतिहासले प्राचीनकालदेखि नै ठूला भूकम्पहरूको अनुभव गराएको छ। बढ्दो जनसंख्या र पूर्वाधारको चापलाई हेर्दा भूकम्पीय जोखिम कम गर्न भूकम्प प्रतिरोधी संरचना, पूर्वतयारी र जनचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता अझ बढ्दै गएको छ। नेपाल भूकम्पीय उच्च जोखिमको क्षेत्र भएकाले हामीले भौतिक संरचना निर्माणमा एकदमै ध्यान पुर्‍याउनु पर्ने आवश्यकता छ। भवन निर्माण संहितालाई ख्याल गरेर भवनको भार सन्तुलित राख्ने र गह्रौं संरचना नबनाउने, खुला स्थानलाई संरक्षित राख्ने, परिवारको प्रत्येक सदस्यलाई सुरक्षित स्थानबारे जानकारी दिंदै भूकम्प आउँदा कहाँ जाने र के गर्ने भनेर परिवारका सबै सदस्यलाई प्रशिक्षित गर्न आवश्यक छ। घरभित्रको संरचना सरकार वा सरोकारवालाले मिलाउन संभव हुँदैन। त्यसैले घरभित्रका भारी वस्तुहरू राम्ररी बाँध्ने वा तल राख्ने, घरको बिजुली, ग्याँस र पानीका मूख्य भल्भ बन्द गर्ने जस्ता साना साना अभ्यासमा ध्यान दिन आवश्यक छ। कुनै पनि प्रकोपपछि मनोवैज्ञानिक त्रास ठूलो समस्याको विषय बन्ने गरेको छ। जसले मानिसहरु भागदौडमा पनि ध्यान जाने गरेको छ। यसतर्फ सचेतना नै बढी महत्वपूर्ण हुन्छ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट

अंग्रेजी भाषा (English Language) ५० सिट



डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट

Online Package (Email/internet) ३० सिट

तपशिल

फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान

गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# सम्भव छ निजामती सेवाको समृद्धि



गोपीनाथ मैनाली



कर्मचारीले अभिभावकत्व नै पाएको छैन । यो र यस्तै कारणले समाजको दृष्टि पनि कर्मचारीप्रति सकारात्मक छैन । अचेल विश्वव्यापी रूपमा नै कर्मचारीतन्त्रको पर्यायमा लिई निजामती कर्मचारीको मनोबल गिराउने काम भएको छ । समकालीन राजनीतिक, बौद्धिक समाज र गैरसरकारी क्षेत्रबाट कर्मचारीतन्त्रमाथि निरन्तर प्रहार भइरहेको छ । कतिपय प्रहार निजामती कर्मचारीका आचरणका पृष्ठभूमिमा छन्, कतिपय भने यसका विकल्पमा आएका छन् । केही वृत्तिईर्ष्याका उपजजस्ता पनि देखिएका छन् । राज्यको आविष्कार भएदेखि नै लालफितासाही, अकर्मण्य, अदृश्य शक्ति र अविवेकी संयन्त्रजस्ता शब्दबाट यसमाथि आलोचना हुँदै आएको थियो । कतिपयले यसलाई पेनपुसर भने कतिपयको भाषामा यसको विकल्प खोज्नुपर्छ भन्ने छ भने कतिपय यसको विनिर्माणका पक्षमा खुलेर लागेका छन् । अत्याज्य, हटाउनै नसकिने कार्यप्रणालीका रूपमा संस्थापित यो संस्था सार्वजनिक वस्तु र राज्यइच्छा व्यवस्थापनको माध्यम हो । त्यसैले सरकारको प्रभावकारिता र शासकीय सबलताका लागि यसको मनोबल बढाउनुको विकल्प छैन । दच्काएर होइन, विश्वास जितेर नै यसलाई ठूलो भारी बोकाउन सकिन्छ । नेपालको निजामती सेवाले पनि आलोचना र अतिक्रमण खेप्दै आएको छ । कर्मचारीले अग्रसर, क्षमताशील र इमान्दार नभएका कारण राजनीतिक समाजले राखेका अपेक्षा सधैं ओझेलमा पर्दै आएका हुन् भन्ने भाष्य बनेको छ । कर्मचारीतन्त्रको आचरण, अति सक्रियता, सेवाकेन्द्रित प्रवृत्ति र पदलाई जिम्मेवारीमा भन्दा अवसरमा उपयोग गर्ने प्रवृत्तिले उसलाई लागेको आरोपको पुष्टि पनि गरिरहेको छ । तर के भुलिएको छ भने कर्मचारीतन्त्रको मनोबल र कार्यप्रेरणा कल्पनै गर्न नसकिने गरी गिरेर गएको भन्नेतर्फ सोचिएको छैन । सांगठनिक उपलब्धि कर्मचारी सन्तुष्टिको उत्पादन हो, प्रोत्साहनको स्तरले कर्मचारी सन्तुष्टिको निर्धारण गर्छ भन्ने कुरा चाहिँ भुलिएको छ । जिम्मेवारी निर्वाहका क्रममा गरिएको काममा पनि उसमाथि संरक्षण देखिएको छैन । निजामती सेवाभित्र कमजोर क्षमतामा रहेकाहरूको हालिमुहाली छ तर आरोपित चाहिँ इमान्दारहरू छन् । कर्मचारीलाई निष्पक्ष व्यवहार गर्न, उत्प्रेरणा र मनोबल बढाउन र अभिभावकत्व दिन नेतृत्व चुकेको छ । यस्तो अवस्थामा आरोपको शृंखला बढ्दै जाँदा कर्मचारीतन्त्रको मनोबल झनै घट्नु स्वाभाविक हो । कर्मचारी र वृत्तिबीच सम्बन्ध कसरी हार्दिक, मनोवैज्ञानिक बनाउने भन्ने विषयमा सोचिएकै छैन । संगठनभित्र उपलब्ध अवसरको न्यायपूर्ण वितरण छैन । पुरस्कार, विभूषणहरू कामको आधारमा होइन, प्रभाव र सम्बन्धका आधारमा वितरण गरिन्छ । नतिजामूलक व्यवस्थापनका प्रतिष्ठाता 'प्रो आन्ड्रे डे वाल' व्यवस्थापनलाई नतिजामुखी बनाउन नीति संरचनाको भूमिका आधाआधीको मात्र हुने र आधाआधी चाहिँ व्यवहारजन्य पक्षको हुने भन्छन् । राजनीति र प्रशासन दुवैको नेतृत्व सम्हालिसकेकी हेलेन क्लार्कको निष्कर्ष कर्मचारीलाई प्रोत्साहित गर्ने र मनोबल उठाउने काम व्यवस्थापन सुधारका नाममा आएका कुनै पनि अवधारणाले नगरेको भन्ने छ । जब कर्मचारीलाई कसरी उच्च मनोबलमा परिचालन गर्ने भन्ने कुरा भुलिन्छ, त्यस अवस्थामा गरिएको आलाप वा आरोप आफैंमा बेअर्थी हुने नै भयो । क्लार्कको समूहले केही मुलुकका निजामती कर्मचारीको कार्यावस्थाको अध्ययनबाट कर्मचारीमा कामप्रतिको जागरणभाव र स्वयं उत्साह निकाल्न सरकारहरू पछि परेको निष्कर्ष छ । निजी वा सार्वजनिक जहीँ पनि आजभोलि संगठन विकासका लागि ठूलो लगानी गरिन्छ ता कि कर्मचारी र कामको मनोवैज्ञानिक सम्बन्ध दरिलो होस् । कर्मचारी त्यत्तिकै प्रोत्साहित हुँदैनन् । उनीहरूलाई प्रोत्साहित गर्न संरचनागत पक्षहरू पर्याप्त हुँदैनन्, व्यवहारजन्य पक्ष जस्तो कि नेतृत्व व्यवहार, संरक्षण, अवसरको न्यायपूर्ण वितरण, कार्यव्यवहार, सहभागितात्मक आन्तरिक पद्धति पनि उत्तिकै जिम्मेवार हुन्छन् । प्रोत्साहन सिद्धान्त र सूत्रमा उल्लेख गरिने विषय पनि होइनन् । किनकि वैयक्तिक पृष्ठभूमि, नेतृत्वशैली, अभिमुखीकरण र परिवेशले प्रोत्साहनको निर्धारण गर्छ । यी पक्षमा ध्यान नै नदिई कर्मचारीमाथि गरिएको संयन्त्रात्मक र औपचारिक व्यवहार न त्यो दिगो हुन्छ, न कर्मचारीको मन जित्न नै सफल हुन्छ । नेपालको सार्वजनिक प्रशासनमा कार्यप्रोत्साहनको वातावरण खासै छैन, त्यसैले कर्मचारी उत्प्रेरित छैनन्, संगठन विकास छैन । कर्मचारी र संगठन औपचारिक सम्बन्धमा छन् । राजनीतिक तथा प्रशासनिक नेतृत्व कर्मचारीलाई जसरी उपयोग गरे पनि हुन्छ भन्ने सजिलो सोचमा छन् । कर्मचारी र वृत्तिबीच सम्बन्ध कसरी हार्दिक, मनोवैज्ञानिक बनाउने भन्ने विषयमा सोचिएकै छैन । तलब सुविधाहरू आवश्यकताका स्तरभन्दा तल छन् । संगठनभित्र उपलब्ध अवसरको न्यायपूर्ण वितरण छैन । पुरस्कार, विभूषणहरू कामको आधारमा होइन, प्रभाव र सम्बन्धका आधारमा वितरण गरिन्छ । कतिपय अवस्थामा त कारबाही गर्नुपर्नेलाई पुरस्कार विभूषण दिइएको छ, जसले प्रणालीले कारबाही पाएको महसुस गर्छ । क्षमता विकास र अभिमुखीकरणको पक्ष कमजोर छ । आर्जित क्षमतालाई संगठनले आफ्नो बनाएर उपयोग गरेको छैन । कार्य वातावरण स्वायत्त छैन । व्यवस्थापन परीक्षण गरेर त्यसबाट देखिएका कुरालाई कार्यसंस्कृति सुधारमा उपयोग गर्ने काम भएको छैन । सरुवामा व्यापक बेथिति छ । यसले प्रशासन व्यवस्थाका सिद्धान्तलाई गिज्याएको छ । नेतृत्व व्यवहार कि लाचार छ कि हाकिमी वा कतिपय अवस्थामा त सहायकप्रति प्रतिस्पर्धी छ । कर्मचारीले अभिभावकत्व नै पाएको छैन । यी कारणले समाजको दृष्टि पनि सकारात्मक छैन । कर्मचारीलाई नीलो कोटभित्रको भ्रष्ट चरित्रको रूपमा बिम्बन गर्न थालिएको छ । यस अवस्थामा कर्मचारीलाई संगठनको मूल्यवान् साधन हो भन्ने बोध कसरी गराउने भन्ने गहिलो प्रश्न खडा छ । निजामती प्रशासन रूपान्तरणको वास्तविक संस्था बन्नुपर्छ, बन्न सक्छ । निजामती सेवा सरकार र शासनको संस्थागत मियो हो । यसको क्षमता र अभिप्रेरणामा नै सरकारको साख, राज्यको वैधता र नागरिक विश्वास सिर्जना हुन्छ । जापान, सिंगापुरजस्ता मुलुक दरिलो प्रशासनिक संयन्त्रका कारण आजको अवस्थामा पुगेका हुन् भने अमेरिका, बेलायत, अस्ट्रेलिया, स्विट्जरल्यान्ड, फ्रान्सको राज्य प्रणालीलाई संस्थागत गराउन त्यहाँको निजामती प्रशासनले खेलेको भूमिका अतुलनीय छ । नेपाललगायतका मुलुकमा यो संस्थागत हुन सकेन । परिणमतः आर्थिक सामाजिक रूपान्तरणको संस्था निजामती सेवा बन्न सकेन । नेपालमा निजामती सेवा यी कारणले आर्थिक सामाजिक रूपान्तरणको वाहक बनाउन यसको मनोबल र कार्यप्रोत्साहनलाई दरिलो बनाउनुपर्छ । कर्मचारीको मनोबल उकास्न नेतृत्वले पहिलो भूमिका खेल्नुपर्छ । यसो गर्ने नेतृत्व (राजनीतिक र प्रशासनिक) आफैं निष्ठा विज्ञताको धरोहर हुनुपर्छ । कमजोरहरूले योग्यहरूलाई निर्देश गर्ने नैतिक सामर्थ्य नै राख्दैनन् । सेवा अभिमुखीकरण र क्षमता विकासको निष्पक्ष निरन्तरको प्रक्रिया चाहिन्छ । कर्मचारीलाई अन्योल र तदर्थमा चलाउनु हुन्न । संगठनभित्रको सञ्चार प्रणाली सधैं खुला र व्यवस्थापन सहभागितामूलक हुनुपर्छ । कर्मचारीका वैयक्तिक चाखप्रति ध्यान दिनुपर्छ । वृत्ति तथा सुविधा प्रणालीमा अनुमान योग्यता चाहिन्छ । तीनै तहका निजामती कर्मचारीबीच निश्चित बिन्दुमा एकीकरणमार्फत एकत्वको अनुभूति सिर्जना गर्नुपर्छ । कर्मचारी बीच मनोविभाजन ल्याउने अवस्था हुनुहुन्न । संस्थागत सम्झना र ज्ञान हस्तान्तरण प्रणाली स्वचालित गराउनुपर्छ । निजामती सेवालाई औसत दिमागहरूको संगठनबाट उम्दा प्रतिभाहरूको जीवन्त संस्था बनाउनु पर्छ । यसो भएमा मात्र यो संस्था रूपान्तरण र समृद्धिको दरिलो संस्था बन्छ, निजामती कर्मचारी राष्ट्र निर्माणका धरोहर बन्छन् । *(मैनाली, पूर्वसचिव हुन् ।)*

***–अन्नपूर्ण***

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

# चिसो बढेपछि कोहलपरमा नगरपालिकाद्वारा दाउरा वितरण

नमस्ते समचारदाता
कोहलपुर, पुष/२४



शीतलहर र अत्यधिक चिसो बढेपछि कोहलपुर नगरपालिकाले बुधबार बिहानै देखि नगरका विभिन्न सार्वजनिक स्थानमा आगो ताप्ने व्यवस्था मिलाएको छ । विगत केही दिनदेखि हुस्सु, कुहिरो र शीतलहरसँगै बढेको चिसोले जनजीवन प्रभावित बनेपछि बुधवारदेखि नगरका विभिन्न स्थानमा दाउरा वितरण गरी आगो ताप्ने व्यवस्था मिलाइएको कोहलपुर नगरपालिका मेयर पूर्ण प्रसाद आचार्यले जानकारी गराएका छन् । मेयर आचार्यले कोहलपुरको मुख्य चौराह, साझाचोक, हाइस्कुल, पिपरी, हवल्दारपुर, मदनचोक, कौशिलानगर, चपरगौरी लगायतका मानिसहरु बढी जमघट हुने मुख्य राजमार्ग क्षेत्रका चोकमा दाउरा वितरण सुरु गरिएको जनाए । आचार्यका अनुसार जिल्ला वन पैदावर आपूर्ति समितिबाट ६ चट्टा दाउरा खरिद गरी इलाका प्रहरी कार्यालय कोहलपुरसँगको सहकार्यमा वितरण सुरु गरिएको हो । 'कोहलपुर नगरपालिकाले विशेषगरी गरिब, असहाय, वृद्धवृद्धा तथा बालबालिकालाई न्यानो बनाउन आगो ताप्ने व्यवस्था गरेका मेयर आचार्यले बताए । चिसो र शीतलहरले गरिब, असहाय, वृद्धवृद्धा, बालबालिका र मजदुरी गर्नेहरुले बढी कष्ट सहनुपरेको छ । केही दिनदेखि बढेको अत्यधिक चिसोले यहाँको जनजीवन कष्टकर बन्दै गएको छ ।

# शीतलहरले बाँकेसहित तराईको जनजीवन प्रभावित

नमस्ते समचारदाता
बाँके, पुष/२४



पछिल्लो केही दिनदेखि चिसो बढेर सुरु भएको शीतलहरका कारण पश्चिम नेपालका तराईका जिल्लाहरु अत्यधिक प्रभावित भएको छ । शीतलहरका कारण जनजीवन प्रभावित भएको छ । बाक्लो हुस्सु र शीतलहरले बाँकेमा पनि जनजीवन कष्टकर बनाएको छ । बिहानैदेखि बाक्लो हुस्सुले ढाकिने र तापक्रममा अत्यन्तै न्यून हुने क्रमले चिसो झन् झन् बढ्दै गएको छ । चिसोका कारण बच्चा, वृद्धवृद्धा र विपन्न वर्ग बढी प्रभावित भएका छन् । अत्यधिक चिसोका कारण मानिसहरूलाई घरबाहिर निस्किन कठिनाइ भइरहेको छ। यसले गर्दा बजार, कार्यालय र विद्यालयमा मानिसहरुको उपस्थिति न्यून बनेको छ। सोही कारणले नेपालगन्ज, कोहलपुर र खजुरा बजारलगायतका स्थानमा चहलपहल घट्दै गएको छ। कोहलपुरका एक व्यवसायीले अनुसार हाल चिसोले गर्दा न्यानो कपडाको बिक्री बढेको भए पनि अन्य व्यापा व्यवसायमा निकै मन्दी छाएको बताए । उनले शीतलहरका कारण अधिकांश सर्वसाधारण घरमै बसिरहेको र तथा बजारमा किनमेलका लागि नआउँदा व्यापारमा मन्दी आएको बताए । चिसोका कारण स्वास्थ्यमा असर पर्ने सम्भावना बढेकाले बालबालिका, वृद्धवृद्धा र शारीरिक रूपमा कमजोर व्यक्तिहरूलाई विशेष ख्याल गर्न चिकित्सकहरूले आग्रह गरेका छन् । नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरका फिजिसियन डा. श्याम बिकले चिसो धेरै बढेकाले बालबालिका, वृद्धवृद्धा र शारीरिक रूपमा कमजोर व्यक्तिहरूलाई चिसोबाट जोगाउनुपर्ने बताए । उनले अस्पतालमा चिसोले बिरामी परेकाहरु आउने क्रम बढेको पनि बताए । उता शीतलहर र हुस्सुकै कारण नेपालगन्जबाट सङ्घीय राजधानी काठमाडौं लगायत पहाडी र हिमाली जिल्लामा हुँदै आएका हवाई उडान पनि प्रभावित र अनियमित भएका छन् । केही दिनयता विशेष गरी बिहानको समयमा हुने हवाई उडानहरु अनियमित भएको नागरिक उडयन कार्यालय नेपालगन्जले जनाएको छ ।

# दिदीबहिनी नै घरभित्र मृत फेला अवस्थामा

नमस्ते समचारदाता
सल्यान, पुष/२४




सल्यानमा दिदीबहिनी नै घरभित्र मृत फेला परेका छन् । कुपिण्डे नगरपालिका -११ सिस्नेपातल भन्ने गाउँमा बुधबार बिहान ३ वर्ष र ६ महिनाका दुई दिदीबहिनी मृत अवस्थामा फेला परेका जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ । इन्सपेक्टर बाबुराम बस्नेतका अनुसार उनीहरुको अन्दाजी ११ बजेको समयमा मृत्यु भएको हो । उनीहरूसँगै आमा पुर्णिमा राना पनि घरमै थिइन् । बुवा टेकमान राना भने रोजगारीका लागि नुवाकोटमा रहेको बस्नेतले जानकारी दिए । आफूहरुलाई खबर आएपछि १ बजे प्रहरी टोली त्यहाँ पुगेर अनुसन्धान गरिरहेको उनको भनाइ छ । घटना शंकास्पद देखिएको भएपनि अन्य विवरण खुलिसकेको छैन् । उनले आफू पनि अनुसन्धान गर्न घटनास्थल तर्फ जाँदै गरेको बताए । यसबारे आमा पुर्णिमा रानाले केही बोलेकी छैनन् ।

# भुक्तानी नपाउँदा समस्यामा निर्माण व्यवसायी




नमस्ते समचारदाता
धनगढी, पुष/२४

गत आर्थिक वर्षको बक्यौता नेपाल सरकारबाट भुक्तानी नपाउँदा समस्यामा परेको निर्माण व्यवसायीले बताएका छन् । सुदूरपश्चिम प्रदेश निर्माण व्यवसायी सङ्घद्वारा आयोजित पत्रकार सम्मेलनमा निर्माण व्यवसायीले बक्यौता नपाउँदा टाट पल्टेको बताएका हुन् । सरकारले समयमा भुक्तानी नदिई उल्टै हचुवाको भरमा निर्माण व्यवसायीलाई पेल्ने गरेको उनीहरुको गुनासो छ । नेपाल निर्माण व्यवसायी महासङ्घका केन्द्रीय उपाध्यक्ष प्रकाश सेठीले भुक्तानी नपाउँदा निर्माण उद्योग कोमामा पुगेको जिकिर गर्नुभयो । एकातिर निर्माण सामाग्रीको अचाक्ली मूल्य वृद्धि र अर्कोतिर सरकारले समयमा भुक्तानी नदिने परिपाटीले निर्माण व्यवसायीले काम गर्न नसक्ने वातावरण सृजना भइरहेको उहाँको भनाइ छ । सुदूरपश्चिम निर्माण व्यवसायी महासङ्घका अध्यक्ष लक्ष्मण स्वाँरले निर्माण व्यवसायीहरु ८० प्रतिशत राज्यबाटै पीडित रहेको जिकिर गर्नुभयो । "हामी पनि गल्तीबाट अछुतो छैनौं २० प्रतिशत कमीकमजोरी हाम्रो पनि छ", उहाँले भन्नुभयो, "तर, ८० प्रतिशत हामी राज्यबाटै पीडित छौं ।" गरेको कामको सरकारले बेलैमा भुक्तानी नदिने उल्टै काम गरेन भनेर दण्ड जरिवाना गर्ने, कालोसूचीमा राख्ने जस्ता कार्य गरेर त्रसित बनाइरहेको निर्माण व्यवसायीको भनाइ छ । सुदूरपश्चिमका निर्माण व्यवसायीले सङ्घीय योजनाको डेढ अर्ब रुपियाँ भुक्तानी लिन बाँकी रहेको अध्यक्ष स्वाँरले बताउनुभयो । उहाँले भन्नुभयो, "प्रदेश सरकारको योजनाको भुक्तानी भइरहेको छ । तर सङ्घीय सरकारका योजनाको काम गरेवापत पाउनुपर्ने ठुलो रकम होल्ड छ ।" प्रत्येक स्थानीय तहमा बनिरहेको १५ शय्याको अस्पताल बजेट अभावकै कारण निर्माण कार्य सम्पन्न गर्न समस्या भइरहेको निर्माण व्यवसायीको भनाइ छ ।

## १७ वर्षको...

पछि थाहा भयो कि ऊसँग लगानी गर्ने पैसा नै रहेनछ । तर हामीलाई भारतीयले नेपाल सरकारले समस्यामा पार्‍यो भने । आफूले लगानी जुटाउन नसकने रहेछ, यता नेपाल सरकारबाट हुनुपर्ने काम नभएको भनेर कमजोरी देखाउने रहेछ । बिचमा जग्गा खरिदको कुरा आयो । स्थानीय अहिले त्रसित छन्, के हुने हो भनेर । नागरिकलाई १६ वर्षदेखि अन्योलमा राखेको छ । अहिले त आयोजना बन्ला भनेर आशा पनि मारिसक्यो । यहाँ बिजुली उत्पादन हुन्छ भनेर पहिलो पटक कुरा सुन्दा म १७ वर्षको थिएँ, अहिले ५४ वर्षको भएँ तर पनि बिजुली उत्पादन भएको देख्न पाइएको छैन । काम गर्छुगर्छु भन्ने, जनतालाई आश्वस्त पार्न स-साना काम फाट्ट-फुट्ट गरेर भुलाउँदै आएको छ । नेपालका नेतादेखि सरकारी मान्छे पनि यो बाहिरको कम्पनी हो भनेर पेल्ने रहेछन् । सुरुमा सरकारी पक्षबाट कमजोरी भएको भनिए पनि अहिले आर्थिक पाटोबाट हेर्दा जीएमआरको कमजोरी देखियो । १६ वर्ष बित्यो, म्याद पटक-पटक थप्यो । कम्पनी चल्छ भन्ने, हामीलाई आश्वस्त पार्ने, तर हामी जनतालाई जहिल्यै अन्योलमा राखिरह्यो । यहाँ कहिले बम पड्काएर जनतालाई त्रसित बनाउने काम भयो । विप्लवका पार्टीले हो क्यार - एक पटक बम पड्कायो । सधैं यसरी अल्झाउनुको साटो कि बनाउने, कि छोड्ने भन्नेमा अब प्रस्ट हुनुपर्‍यो । नेपाल सरकारको नीति अनुसार काम हुनुपर्‍यो । अहिले अन्तिम पटक म्याद रहेको र अब म्याद थप्न नपाउने भन्ने कुरा सुनेका छौं । त्यो थाहा पाएर भारतका अरु दुई वटा कम्पनीलाई सेयर बेचेको थाहा पायौं तर काम अघि बढ्ने हो कि हैन, थाहा छैन । सुरुमा यो जमिन बिक्री हुन्छ भनेर ऋण कर्जा गरेर स्थानीयवासीले व्यवहार टार्दै आए । कम्पनीले रकम नदिँदा मान्छेहरू ऋणमा डुबे । आधा जग्गा लिएको छ, आधा बाँकी छ, पैसा दिने हो कि हैन ? दिए पनि कसरी दिने हो ? आयोजना बन्ने भनेपछि सेयर पाउने भनेर बाहिरका मान्छेसमेत आएर यहाँ जमिन किनेका छन् । उनीहरू पनि डुबेकै छन् । यहाँका स्थानीयवासी आयोजना बन्छ, हामीले यहीं रोजगारी पाउछौं भनेर गाउँमा बस्दाबस्दै ऋणकर्जामा डुबे । अहिले कोही बेंग्लोर गए, कोही अरु देश गए । गाउँमा भएका पनि ऋणमा डुबेर अलपत्र अवस्थामा छौं । अब त आयोजना बन्दैन भनेर माया मारेर कयौं मानिस विदेश पलायन भएका छन् । हामी ७ भाइ छौं । सबैको गरी १३ रोपनी जमिन आयोजनामा पर्छ । मेरो भागको मात्र ३ रोपनीभन्दा बढी छ । मेरो जमिन जीएमआरले लिइसकेको छ । अहिले आयोजना बन्दा डुबान हुने क्षेत्रभन्दा माथि सडक नजिकै जमिनमा घर हालेर बसेको छु । मेरो पहिलाको घर लगायत थोरै जमिनको पैसा अझै पाएको छैन । हामीलाई ८ लाख ९५ हजार रुपैयाँ रोपनीमा मुआब्जा दिएको थियो । अहिले मूल्य बढेको छ । एक पटक म अरुण तेस्रोको अनुगमन गर्न गएको थिएँ । उक्त आयोजना हाम्रोभन्दा निकै पछिमात्रै सम्झौता भएको रहेछ । तर त्यहाँ अहिले आधाभन्दा बढी काम भइसकेको रहेछ । तर कर्णालीमा जीएमआरले लाइसेन्स ओगटेर राख्ने काम गर्‍यो । अहिले यो आयोजना बन्ने/नबन्ने निश्चित नहुँदै फेरि सरकारले फुकोट कर्णाली जिम्मा लगायो । एउटा आयोजनाको टुंगो नलाग्दै अर्को आयोजना जिम्मा लगाउँदा झन् कसरी काम होला ? यसबारे सरकारले अब प्रस्ट दृष्टिकोण बनाउनु पर्छ । यसरी वर्षौंसम्म अल्झिँदा पनि कुरेर बस्ने होइन, उचित विकल्प खोजेर अघि बढ्नु पर्छ ।

## मन्त्रालयको...

गाउँमा श्रमशक्ति छैन । राष्ट्र बैंकले के हेरेर बढेको देख्यो हामीलाई पनि अचम्म लागेको छ ।' सहरी क्षेत्रमा खेतीयोग्य जमिन मासिँदै गइरहेको छ । त्यस कारण खेतीमा कमी आएको थापाको भनाइ छ । यो विषयमा मन्त्रालयमा छलफल गरिने पनि उनले बताए । यता राष्ट्र बैंकको प्रादेशिक कार्यालय सुर्खेतका प्रमुख बाबुराम कोइरालाले आफूहरूले सार्वजनिक गरेको तथ्याङ्क प्रदेश तथा जिल्ला स्थित सम्बन्धित विषयका कार्यालयबाटै सङ्कलन भएको बताउँछन् । कोइरालाले भने, 'हामीले लेखेको पत्र अनुसार जिल्ला स्थित सम्बन्धित कार्यालयले रिपोर्ट दिने हो, हामीले त्यही रिपोर्टलाई विश्लेषण गर्ने हो, त्यस्तो केही फरकपना आएको खण्डमा आगामी दिनमा सुधार गरेर अध्ययन गरिने छ ।'

जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२


# क्षतिग्रस्त विद्यालय र स्वास्थ्य संस्था निर्माणका लागि छनोट

■ नमस्ते समचारदाता

रुकुमपश्चिम, पुष/२४



भूकम्पले क्षति पुगेका रुकुमपश्चिमका २७ वटा सामुदायिक विद्यालय र पाँच वटा सरकारी स्वास्थ्य संस्था पुनर्निर्माणका लागि छनोट भएका छन्। कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले विद्यालय र स्वास्थ्य संस्था छनोट गरेर बजेटसमेत व्यवस्थापन गरेको छ। मन्त्रालयका इन्जिनियर सुशील आचार्यका अनुसार यी ३२ वटा निर्माण योजनाका लागि २२ करोड रुपियाँ विनियोजन गरिएको छ। मौजुद सार्वजनिक खरिद ऐन, नियमावली अनुसार निर्माण कार्य अघि बढाउन पूर्वाधार विकास कार्यालयलाई निर्देशन दिएको इन्जिनियर आचार्यले जानकारी दिनुभयो। पूर्वाधार विकास कार्यालय चौरजहारीका प्रमुख रामचन्द्र बिसीले योजना र बजेटको विवरण आइसकेको अब ठेक्का प्रक्रिया सुरु हुने र चालु आर्थिक वर्षमै काम सम्पन्न हुने दाबी गर्नुभयो। प्रमुख बिसीका अनुसार चौरजहारी नगरपालिका -६, मूलपानीको जनज्योति आधारभूत विद्यालय र सोही वडाको खागलस्थित जनकल्याण आवि, वडा नं. १३ को जनकल्याण आवि रातामाटाको भवन निर्माणका लागि प्रतिविद्यालय ७५ लाख र वडा नं. ५ को माध्यमिक विद्यालय खहरेको भवन निर्माणमा ७० लाख रुपियाँ विनियोजन भएको छ। त्यसै गरी आठबिसकोट नगरपालिका-१४ को सरस्वती आवि, वडा नं. १३ को बालसेवा आवि, वडा नं. १२ को त्रिवेणी आवि, वडा नं. १२ कै नेपाल राष्ट्रिय मावि, वडा नं. ११ को आधारभूत विद्यालयको भवन निर्माणका लागि प्रतिविद्यालय ७५ लाख र वडा नं. १० सरस्वती आविको भवन निर्माणका लागि ५० लाख रकम छुट्याइएको छ। सानीभेरी गाउँपालिका-११ मा रहेको जनकल्याण मावि, सोही वडाको शिव आवि र वडा नं. १० को सरस्वती माविको भवन निर्माणका लागि प्रतिविद्यालय ७५ लाख र वडा नं. ३ को बालकल्याण आवि र वडा नं. ८ को जनसहयोग आविको भवन निर्माणका लागि ७०/७० लाख रुपियाँ विनियोजन गरिएको छ। त्यसै गरी बाँफीकोट गाउँपालिका-१० मा रहेको बालहित मावि र वडा नं. ५ मा रहेका रत्न आविको भवन बनाउन ७५/७५ लाख र वडा नं. ६ मा रहेको सिद्धार्थ माविको भवन निर्माणका लागि ७० लाख रकम छुट्याइएको छ। त्रिवेणी गाउँपालिकाको वडा नं. ८ मा रहेको जनप्रिय मावि र वडा नं. ५ को प्रतिविद्यालय ७५ लाख र वडा नं. ९ को हिमालय जनता मावि र वडा नं. २ को त्रिवेणी माविको भवन निर्माणका लागि ७०/७० लाख रुपियाँ प्राप्त भएको छ। मुसीकोट नगरपालिका-२ स्थित महाकाली मावि र वडा नं. १ मा रहेको बाल विकास आविको भवन निर्माण गर्न ७५/७५ लाख र वडा नं. १३ को सरस्वती आवि र वडा नं. १४ मा रहेको जन आविको भवन निर्माणका लागि ७०/७० लाख रुपियाँ विनियोजन भएको छ। २७ वटा विद्यालय भवन निर्माण गर्नका लागि १९ करोड ६० लाख र पाँच सरकारी स्वास्थ्य संस्था निर्माणका लागि दुई करोड ४० लाख रुपियाँ स्वीकृत भएर आएको पूर्वाधार विकास कार्यालयले जनाएको छ। स्वास्थ्य संस्थातर्फ सानीभेरी गाउँपालिका-९ स्थित आधारभूत स्वास्थ्य चौकी, वडा नं. ४ स्थित गरायला स्वास्थ्य चौकी र आठबिसकोट नगरपालिका-१३ को आधारभूत स्वास्थ्य केन्द्र छनोट भएका छन्। यहाँ भवन बनाउन प्रतिस्वास्थ्य संस्था ५० लाख बजेट व्यवस्थापन भएको छ। त्यसै गरी आठबिसकोट नगरपालिका-१४ को सहरी स्वास्थ्य सेवा केन्द्र र चौरजहारी नगरपालिका-५ को विजयश्वरी स्वास्थ्य चौकी भवन निर्माणका लागि ४५/४५ लाख रुपियाँ विनियोजन गरिएको छ। भूकम्पबाट क्षतिग्रस्त भवन पुनर्निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम जिल्ला स्थित सिफारिस समितिबाट सिफारिस भएको आधारमा योजना भएको बताइएको छ। आठबिसकोट नगरपालिका प्रमुख रवि केसीले भूकम्पबाट क्षति भएका भौतिक संरचनाको निर्माण कार्य ढिलै भए पनि हुन थालेको बताउनुभयो।

# नेपालगञ्जमा मोमो महोत्सव हुँदै

■ नमस्ते समचारदाता

नेपालगन्ज, पुष/२४



नेपालगञ्जस्थित सिद्धार्थ कटेजमा दोस्रो मोमो महोत्सव आयोजना हुने भएको छ। नयाँ वर्ष २०२५ को सुरुआतसँगै दोस्रो मोमो महोत्सव गर्न लागिएको हो। सिद्धार्थ हस्पिटालिटीको आयोजनामा यही पुस २५, २६ र २७ गते दोस्रो मोमो महोत्सव हुने पत्रकार सम्मेलनमार्फत कटेजका प्रबन्ध सञ्चालक पदम न्यौपानेले जानकारी दिनुभयो। सिद्धार्थले यसअघि वि.सं.२०८० माघ ११, १२ र १३ गते पहिलो मोमो महोत्सव आयोजना गरेको थियो। पहिलो संस्करणमा ४० भन्दा बढी प्रकारका मोमो राखिएको भन्दै मोमोको परिकारलाई देशभरि चिनाउने उद्देश्यले दोस्रो संस्करणको महोत्सव आयोजना गर्न लागिएको उहाँले बताउनुभयो। तीन दिनसम्म सञ्चालन हुने उक्त महोत्सवमा प्रत्येक दिन फरकफरक कलाकारको सांस्कृतिक प्रस्तुति रहने प्रबन्ध सञ्चालक न्यौपानेले बताउनुभयो। पहिलो दिन स्थानीय कलाकारलाई प्राथमिकता दिँदै मोहिनी पौडेलसहितको टिमले नृत्य प्रस्तुत गर्नेछ भने दोस्रो दिन नेपालगन्जको 'लाइभ ब्यान्ड द समय ब्यान्ड' सँगसँगै मोमो बनाउने र पकाउने प्रतियोगिता हुनेछ। मोमो बनाउने र पकाउने प्रतियोगिताका निःशुल्क नाम दर्ता गर्न सकिने आयोजकले जनाएको छ। "नाम दर्ता गर्न सिद्धार्थ कटेज नेपालगन्जको शोधपुछ शाखामा गएर दर्ता गर्न सकिने छ", न्यौपानेले भन्नुभयो। अन्तिम दिन राष्ट्रिय कलाकार पशुपति शर्मासँगै स्थानीय कलाकारको प्रत्यक्ष दोहोरी, नृत्यसँगै सामुदायिक रूपमा मोमो पकाउने प्रतिस्पर्धा हुने उहाँले जानकारी दिनुभयो। पत्रकार सम्मेलनमा सिद्धार्थ होटेल नेपालगन्जका मुख्य प्रशिक्षक बद्री कोइरालाले भन्नुभयो, "देशैभरि मोमोका विभिन्न परिकारलाई परिचित गराउने उद्देश्यले यो महोत्सव आयोजना गर्न लागेका हौँ। महोत्सवमार्फत मोमोका विभिन्न प्रकारको पहिचान गराउने लक्ष्य छ।"

# लिमीको जाङ गाउँ मानिसविहीन



■ नमस्ते समचारदाता

हुम्ला, पुष/२४

नाम्खा गाउँपालिका- ६ को हिमालपारिको लिमीको जाङ गाउँ यस वर्षबाट मानिसविहीन बनेको छ। यसअघि वर्खामा बस्दै आएका दुई परिवारका सदस्यहरुले पनि यस पटक गाउँ छोडेर काठमाडौं हिँडेपछि जाङ गाउँ मानिसविहीन भएको हो। लिमीको हल्जी गाउँका स्थानीय कुन्जोक तामाङ कात्तिकसम्म गाउँमा बस्दै आएका दुई घरधुरीका स्थानीयले मंसिरमा हल्जी गाउँ छोडेर काठमाडौं हिँडेपछि सिङ्गो गाउँ मानिसविहीन भएको बताए। हल्जी गाउँमा मानिस नभएपछि सुनासन देखिन थालेको छ। गत वर्ष हिउँदभर दुई घरधुरीका मानिस बस्दा काठमाडौंमा बसेका उनका आफन्तले ती घरधुरीका स्थानीयलाई गाउँ छाड्न दबाद दिँदै आएका थिए। सेवा-सुविधाका हिसाबले पनि जाङ गाउँका बासिन्दाले गाउँ छोडेको बताउँदै उनले यसका लागि अब स्थानीयदेखि सङ्घीय सरकारले सोच्ने बेला आएको उनले बताए। गाउँ छोड्ने स्थानीयले महँगा सामान आफूसँगै काठमाडौं लगिसकेका छन्। लिमीका वडाध्यक्ष पाल्जोर तामाङले ६३ घरधुरी रहेको जाङ गाउँ हाल मानवविहीन अवस्थामा रहेको बताए। गाउँका सबै घरमा ताला लागेको र घोडा मात्र गाउँको छेउछाउमा चर्दै गरेको दृश्य देखिँदा खल्लो महसुस भएको बताउदै उनले गुम्बासमेत सुनसान देखिएको बताए। चल अचल सम्पति घरमा थन्क्याएर ढोकामा ताला लगाएर जाङ गाउँका स्थानीय काठमाडौं लागेको कारण भोली गाउँको अस्तित्व समेत हराउने चिन्ता थपिएको उनले बताए। पछिल्लो पुस्ता गाउँमा फर्कनै नचाहाने भएको कारण पनि अघिल्लो पुस्ताका स्थानीयहरु बाध्य भएर गाउँ छाड्ने अवस्था आएको उनको भनाइ छ। कुनै समय च्याङ्ग्रा र चौरी पालनका लागि कहलिएको लिमीको जाङ गाउँ हाल आएर मानव विहीन अबस्थामा पुग्नु दुखद पक्ष हो। गाउँ छोड्न नहुने सुझाव वडाले दिदा स्थानीयले नमानेको कारण अब राज्यको ध्यान स्थानीयलाई गाउँ फर्कने अभियान सञ्चालनमा जान आवश्यक रहेको सुझाव उनको छ। अन्न (उवा) उत्पादनका हिसावले पनि जाङ गाउँ राम्रो मानिने भए पनि गतवर्षबाट खेती योग्य जमिन बाँझो रहँदै आएको छ। एक वर्ष अगाडिबाट गाउँमा बालबालिका नभएपछि विद्यालयलाई बन्द गरेर त्यहाँ कार्यरत शिक्षकलाई अन्यत्र ब्यवस्था गरिएको थियो।

# बालविवाह घटाउन बाँकेका युवा सक्रिय

■ नमस्ते समचारदाता

बाँके, पुष/२४



विशेषगरी मुस्लिम समुदायमा रहेको बालविवाहको गलत अभ्यासलाई न्यूनीकरण गर्न नेपालगञ्जका युवा सक्रिय हुन थालेका छन्। जिल्ला स्थित समृद्धि फाउन्डेसन नेपालले मुस्लिम समुदायमा रहेको बालविवाहको गलत अभ्यासलाई युवाको सहभागिता र पहलमार्फत न्यूनीकरण गर्न नेपालगञ्ज उपमहानगर पालिकाका सबै वडामा युवाक्लब गठन गर्ने अभियान सञ्चालन गरेको हो। अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (युएसएआइडी) को सहयोग र द एसिया फाउन्डेसन मुख्य कार्यान्वयन संस्था रहेको युएसएआइडी नागरिक समाज तथा सञ्चार कार्यक्रमअन्तर्गत राष्ट्रिय युवा परिषद्ले जारी गरेको युवा क्लब गठन कार्यविधि, २०७५ अनुसार १६ देखि २४ वर्ष उमेर समूहका युवालाई समावेश गरी वडास्तरीय युवा क्लब गठन भइरहेको समृद्धि फाउन्डेसन नेपालका कार्यक्रम संयोजक शकिल अहमद खानले जानकारी दिनुभयो। उहाँका अनुसार नेपालगञ्ज उपमहानगर पालिकाका १३ वडामा युवा क्लब गठन गरिसकिएको छ भने अन्य वडामा पनि क्लब गठनको तयारी भइरहेको छ। बालविवाह, दाइजो प्रथा र सामाजिक रूपमा हानी गर्ने अभ्यास न्यूनीकरणका लागि युवाको सङ्गठन निर्माण गरी सामुदायिक गतिविधिमा सहभागिता वृद्धि गराउने र स्थानीय युवाबिच बलियो सामुदायिक सम्बन्ध स्थापना गराउने उद्देश्यले अभियान सञ्चालन गरिएको कार्यक्रम संयोजक खानले बताउनुभयो। अभियानमार्फत सचेत, सजग र सशक्त युवाको उपलब्धता हुने लक्ष्य राखिएको छ। "युवालाई सशक्तीकरण, सामाजिक एकता प्रवर्द्धन र सामुदायिक संलग्नतालाई प्रोत्साहित गर्न र सक्रियता बढाउनेतर्फ ध्यान दिन युवा क्लबको गठन गरिएको हो", कार्यक्रम संयोजक खानले भन्नुभयो, "वडास्तरमा युवा क्लबहरूको स्थापनापश्चात् युवाले आफूलाई परेको समस्या अभिव्यक्त गर्न, सीप विकास गर्न र स्थानीय समस्यालाई सम्बोधन गर्न मञ्च प्रदान गर्नुका साथै युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण हुने आपेक्षा गरिएको छ।" स्थानीय तहमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, बालअधिकार, मानव अधिकार, महिलाअधिकार, शैक्षिक कार्यक्रम, सामाजिक कुरीतिविरूद्धका सचेतना अभियानमा सक्रियतापूर्वक सहभागी भई कार्यक्रम सफल बनाउन क्लबले सहयोग गर्ने लक्ष्य राखेको छ। प्रत्येक वडामा रहेका १६ देखि २४ वर्ष उमेर समूहका ५० प्रतिशत महिला रहने गरी मधेसी मुस्लिम र पछाडि पारेका सीमान्तकृत समुदायका पत्रकार, खेलाडी, कलाकार र अपाङ्गता भएका युवालाई क्लबमा समावेश गरिने समृद्धि फाउन्डेसनका अध्यक्ष महेश चौधरीले जानकारी दिनुभयो। योजना कार्यान्वयनमा स्थानीय अधिकारी, जनप्रतिनिधि, सामाजिक अगुवा, राजनीतिक दलका प्रतिनिधि, लक्षित समूह र सामुदायिक संस्थाहरूलाई संलग्न गराउने, वडास्तरीय जनप्रतिनिधि र स्थानीय सरकारलाई युवा क्लब गठनप्रति बढी जवाफदेही हुने अवस्था निर्माण गर्न संस्थाले पहल गरिरहेको उहाँले उल्लेख गर्नुभयो।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके